## कार्यपालिका बैठक संख्या - २००^औं बैठक

आज मिति २०८३।०३।०९ गते विहान ०८:०० बजे पूर्वखोला गाउँपालिका अध्यक्ष श्री नुन बहादुर थापा ज्यूको अध्यक्षतामा देहाय बमोजिमको कार्यपालिकाका सदस्यहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक पालिका बैठक कक्षमा बसी तपसिल बमोजिमको एजेन्डाहरुमा छलफल गरी निम्न बमोजिम निर्णय गरियो।

**उपस्थिति**

| क्र.स | पदाधिकारीको नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष श्री नुन बहादुर थापा | पूर्वखोला गा.पा अध्यक्ष | |
| २ | श्री भागिरथी भट्टराई | पूर्वखोला गा.पा उपाध्यक्ष | |
| ३ | श्री राजु नेपाल | प्रमुख प्रशासकीय अधिकृत (सचिव) | |
| ४ | मेहर सिंह थापा | प्रवक्ता एवंम् वडा अध्यक्ष वडा न. ४ | |
| ५ | श्री गिरीमान आले | वडा अध्यक्ष वडा नं. १ | |
| ६ | श्री निर बहादुर सारु | वडा अध्यक्ष वडा नं. २ | |
| ७ | श्री कृष्ण प्रसाद भट्टराई | वडा अध्यक्ष वडा नं. ३ | |
| ८ | श्री विष्णु कुमार पल्ली | वडा अध्यक्ष वडा नं. ५ | |
| ९ | श्री धन बहादुर घर्ती | वडा अध्यक्ष वडा नं. ६ | |
| १० | श्री भिमी सरा आले | कार्यपालिका सदस्य | |
| ११ | श्री देवीसरा गाहा | कार्यपालिका सदस्य | देवी |
| १२ | श्री रेवती सरा घर्ती | कार्यपालिका सदस्य | |
| १३ | श्री ललिता दर्लामी | कार्यपालिका सदस्य | — |
| १४ | श्री राजु परियार | कार्यपालिका सदस्य | |
| १५ | श्री चन्द्रसिं बर्मेली | कार्यपालिका सदस्य | |

**आमन्त्रित:**

१) सूचना स्याली सू.प्र.अ. Syauli

२) टेमन सिं झाक्री कार्य.स. 

बैठकका एजेन्डाः

१) अघिल्लो १९९ औं कार्यपालिका बैठकको निर्णयको समिक्षा सम्बन्धमा,
२) आर्थिक विधेयक स्वीकृत सम्बन्धमा,
३) विनियोजन विधेयक सम्बन्धमा,
४) बजेट तथा कार्यक्रम स्वीकृत सम्बन्धमा,
५) विविध

## निर्णयहरुः

१) अघिल्लो १९९औं कार्यपालिका बैठकको समिक्षा गरी यस अघि भएका अधिकांश निर्णयहरु कार्यान्वयन भएको तथा केही निर्णयहरु कार्यान्वयनको चरणमा गएको पाईयो।

२) राजश्व परामर्श समितिबाट पारित भई पेश भएको पूर्वखोला गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८३/०८४ को आर्थिक विधेयक, २०८३ माथि दफावार छलफल गरी आवश्यक संसोधन सहित पारित गर्नका लागि मिति २०८३/०३/१० मा हुने पूर्वखोला गाउँपालिकाको २० औं अधिवेशनको दोस्रो बैठकमा पेश गर्ने सर्वसम्मत निर्णय गरियो।

३) वडा तह र पालिका तहबाट छनौट भई आएका तथा विभिन्न विषयगत समितिमा छलफल भई प्रस्तुत भएका पूर्वखोला गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८३/०८४ को बजेट तथा कार्यक्रम माथि दफावार छलफल गरी स्वीकृत गर्ने सर्वसम्मत निर्णय गरियो। उक्त स्वीकृत बजेट तथा कार्यक्रम आवश्यक संसोधन सहित पारित गर्नको लागि मिति २०८३/०३/१० मा हुने पूर्वखोला गाउँपालिकाको २० औं अधिवेशनको दोस्रो बैठकमा पेश गर्ने सर्वसम्मत निर्णय गरियो।

४) पूर्वखोला गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८३/०८४ को विनियोजन विधेयक माथि छलफल गरी स्वीकृत गरी स्वीकृत गर्ने सर्वसम्मत निर्णय गरियो। उक्त स्वीकृत विनियोजन विधेयक आवश्यक संसोधन सहित पारित गर्नका लागि मिति २०८३/०३/१० मा हुने पूर्वखोला गाउँपालिकाको २० औं अधिवेशनको दोस्रो बैठकमा पेश गर्ने सर्वसम्मत निर्णय गरियो।

५) विविधः

क) भूमि व्यवस्था,सहकारी,संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.न. १३४ मिति २०८३/०३/०२ को पत्रानुसार स्थानीय तहको नेपाली र अंग्रजी नाम तथा हिज्जेको एकरुपताका लागि विवरण पठाउनुहुन भनी भएको पत्रानुसार पूर्वखोला गाउँपालिकाको नाम तथा हिज्जेमा तपसिल बमोजिमको फरक परेको हुँदा सुधारको लागि सम्बन्धित मन्त्रालयमा पठाउने सर्वसम्मत निर्णय गरियो।

तपसिलः

| सि.न. | भएको कार्यालयको नाम (नेपालीमा) | हुनुपर्ने कार्यालयको नाम (नेपालीमा ) |
|---|---|---|
| १ | पुर्वखोला गाउँपालिका | पूर्वखोला गाउँपालिका |

नुन बहादुर थापा
अध्यक्ष

२०८३/०३/०९
प्रमुख प्रशासकीय अधिकृत